# सेयरबजारको उत्साह कायम रहला ?



आर्थिक संवाददाता
काठमाडौं, साउन २६

गत साता सेयरबजार चार कारोबार दिन मात्रै खुल्यो । त्यसमध्ये तीन दिन २० अर्ब बढीको कारोबार भयो । बुधबार १७ अर्ब ९५ करोड रूपैयाँको सेयर किनबेच भएको थियो । मंगलबार सबैभन्दा धेरै २३ अर्ब ७१ करोड रूपैयाँको सेयर कारोबार भयो । औसत दैनिक कारोबार २० अबे ९० करोड रूपैयाँ कायम भएको छ । यो तथ्याङ्कले बजारमा लगानीकर्ताको उत्साह अझै कायम रहेको देखाउँछ । कारोबार रकमले बजारको अवस्था मजबुत रहेको संकेत गरेको छ ।

कारोबार रकम उत्साहपूर्ण देखिए पनि नेप्से परिसूचकमा धेरै वृद्धि हुन सकेन । साताामा नेप्से जम्मा १० दशमलव ७६ अङ्कले बढेको छ । यसबीचमा नेप्से तीन दिनको कारोबारमा २८ सय विन्दुभन्दा माथि पुगेको थियो । तर, बजार बन्द हुँदा कुनै पनि दिन २८ सय विन्दुभन्दा माथि बस्न सकेन । लगानीकर्ताले २८ सयको मनोवैज्ञानिक विन्दुभन्दा माथि क्लोजिङ लिन्छ कि लिँदैन भनेर पर्खिरहेको देखिन्छ । गत साता बजारमा एक सय ७१ अङ्कसम्मको उतारचढाव देखियो ।

बैंक तथा वित्तीय संस्थाले गत आर्थिक वर्षको वित्तीय विवरण सार्वजनिक गरेका छन् । जसमा आधाजसो बैंकहरूको नाफा बढेको छ । तर, धेरैजसो बैंकहरूको लाभांश वितरण क्षमता अघिल्लो आर्थिक वर्षको तुलनामा घटेको छ । जसले गर्दा पनि बजारमा लगानीकर्ता केही अन्योलमा देखिएका छन् । यद्यपि सरकार र नियामक निकायको प्रयासका कारण बजार अझै माथि उचालिन सक्ने अपेक्षा आम लगानीकर्ताको छ । यस्तो बेला निकै सुझबुझपूर्वक लगानी गर्नुपर्ने विश्लेषकहरू बताउँछन् । किनभने बजार छोटो अवधिमै करिब साढे सात सय अङ्कभन्दा माथि पुगेको छ । यस्तोबेला बजारमा करेक्सन आउन सक्ने र लगानीकर्ताको मनोबल खस्किन सक्ने अवस्था हुनसक्छ । यद्यपि बजारमा बेलाबखत आउने करेक्सनलाई सामान्य मान्नुपर्ने विश्लेषकहरू बताउँछन् ।

त्यसैले आम लगानीकर्ताले सबल वित्तीय सूचक भएका, लाभांश क्षमता राम्रो भएका र बजार बढ्दा धेरै बढ्ने र घट्दा कम घट्ने खालका कम्पनी छानेर सेयरमा लगानी गर्न सक्नुपर्छ ।

**यस्तो रह्यो गत साताको सेयरबजार**

गतसाता नेप्से २७ सय ६६ दशमलव ३८ विन्दुमा बन्द भएको छ । बजार पुँजीकरण ४३ खर्ब ९१ अर्ब रूपैयाँ कायम भएको छ । एक सातामा लगानीकर्ताको सम्पत्ति १९ अर्ब रूपैयाँले बढेको छ ।

सातामा सबैभन्दा उच्च करोबार २३ अर्ब ७१ करोड रूपैयाँ सम्म भयो । चार दिन कारोबार हुँदा कुल ८३ अर्ब ६० करोड रूपैयाँको सेयर किनबेच भयो भने दैनिक औसत कारोबार २० अर्ब ९० करोड रूपैयाँको भएको छ ।

सातामा अन्य समूह सबैभन्दा धेरै ११ दशमलव ९४ प्रतिशत बढेको छ । सबैभन्दा धेरै कुथेली बुखरी स्मल हाइड्रोपावरको सेयरमूल्य ४६ दशमलव २९ प्रतिशत बढेको छ । सबैभन्दा धेरै हिमालयन लघुवित्तको सेयरमूल्य १७ प्रतिशत घटेको छ । हिमालयन रिइन्स्योरेन्सको सबैभन्दा धेरै पाँच अर्ब २६ करोड रूपैयाँको सेयर कारोबार भएको छ ।

**ग्लोबल आइएमई बैंक लि.**

**निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

ग्लोबल आइएमई बैंकको त्रिभुवनचोक शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएकी सुमित्रा देबी पटहरिनको मिति २०८१/०२/२७ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पति चुन्नी पटहरबाट मिति २०८१/०४/१० मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
त्रिभुवनचोक शाखा
फोन नं. ०८१-५३२०३८
ग्लोबल कनेक्ट : ०१-५९७०६००

**ग्लोबल आइएमई बैंक लि.**

**निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

ग्लोबल आइएमई बैंकको रुवि भ्याली शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका मैर सिं तामाङको मिति २०८०/१२/२८ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती दमिना तामाङबाट मिति २०८१/०४/२० मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
रुवि भ्याली शाखा
फोन नं. ९८४१४२००८६/९८४३०११४६८
ग्लोबल कनेक्ट : ०१-५९७०६००

**माइग्रेसन हरायो**

२०८१/०३/१० मा कपनबाट एयरपोर्टसम्म जाँदा मेरो +२ को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा कुनै महानुभावले भेटाएमा तलको ठेगाना वा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनु होला ।

**नाम : दिपा आले मगर**
**ठेगाना : कपन, काठमाडौं**
**रजिष्ट्रेशन नं.** : ७७१९०२०१४
**सिम्वोल नं.** : २१९००१६६
**सम्पर्क** : ९७४६५८०२८३

## निधन...

केदार नरसिंह केसीले जग्गा स्थानीय तहलाई जिम्मा नलगाई हाफ्नो पावर देखाउने गरेको स्थानीयहरूले गुनासो गरेका छन् ।

स्थानीयहरूका अनुसार दुधे बच्चाहरूको मृत्युपछि गाड्न प्रयोग गरेको जग्गा वर्षौंदेखि कब्जा गरेर राखेको र सो जग्गा सरकारलाई फिर्ता गरी पार्क बनाउन माग राख्दा समेत केदार नरसिंह केसीले दम्भ देखाउने गरेको बताए ।

जग्गा हडपेको विषयमा तारकेश्वर नगरपालिकाको सार्वजनिक सुनुवाइ र संघीय सांसदले आयोजना गरेको सार्वजनिक सुनुवाइमा समेत यस विषयमा कुरा उठ्दा समेत तारकेश्वर नगरपालिका यस विषयमा मौन बस्ने गरेको छ ।

कांग्रेसबाट निर्वाचित तारकेश्वर नगरपालिकाका मेयर महर्जनले कांग्रेस सांसदले नै हडपेको सरकारी जग्गा फिर्ता ल्याउन पहल नगर्नुले मेयरले पार्टीप्रति बफादारी देखाएको स्थानीयहरूले आरोप लगाएका छन् ।

त्यसो त तारकेश्वर नगरपालिकाका मेयर महर्जन पछिल्लो समयमा विवादमा आइरहेका मेयरहरूमध्ये एक हुन् । उनले काठमाडौंको नेपालटारमा अत्यन्त व्यस्त रहने सडकमा रहेको साङ्ग्रो पुलको स्तरोन्नती नगरी पुलकै मुखमा अनावश्यकरूपमा लाखौंको लगानीमा नगरपालिका प्रवेश गर्ने गेटको नाममा दुरूपयोग गरेको भन्दै व्यापक विरोध भएको थियो ।

पेसाले ठेक्कापट्टा गर्ने मेयर महर्जनले मेयरमा निर्वाचिन भएपछि पनि नगरपालिकाको सामान्य छलफल समेत आफ्नो लगानीको ब्याङ्केटमा गरेर राज्यको ढुकुटी सक्ने काम गरेको आरोप लाग्ने गरेको छ । उनै मेयर महर्जनको समेत इच्छामा केसीले हडपेर प्रयोग गरिरहेको नौ आना जग्गा फिर्ता नल्याउने नीति लिइएको स्थानीयहरूले बताएका छन् ।

## तथ्य...

विभिन्न विषयमा पटक-पटक यस्तै झुट बोल्दै असुली धन्दा चलाएर अकुत सम्पत्ति आफूले मात्र होइन आफन्तको नाममा लगानी गरेर कमाएपछि अहिले कुलमानविरूद्ध अकुत सम्पत्ति कमाएको मुद्दा अख्तियारमा विचाराधीन छ । कुलमानले आफन्तको नाममा हार्डवेयर व्यवसायदेखि अन्य व्यवसायी सञ्चालन गरेको भन्दै अख्तियारमा उजुरी परेको छ ।

अहिले विवादित महसुल नेपाल विद्युत् प्राधिकरण, विद्युत् महसुल सङ्कलन विनियमावली २०७३ अनुसारको हो । जुन विनियमावली २०७३ साल साउन १ गतेदेखि प्रारम्भ भएको थियो । उक्त विनियमावलीले टीओडी मिरटको विवरण अनिवार्यरूपमा डाउनलोड गरेर राख्नैपर्ने भनेको छ ।

डाउनलोड गरेको तथ्याङ्क नदेखाई कुलमानले एकै पटक केही उद्योगलाई २०७२ साउनदेखि र केहीलाई २०७३ साउनदेखि २०७५ को अन्तिमसम्मको छुट बिल भन्दै काटेका थिए । तीन वर्षमा कुन उद्योग वा प्रतिष्ठानले कति विद्युत् खपत गरे भन्ने जानकारी नै नराखी बिल काटेपछि यो विषय विवादित बनेको हो ।

टीओडी मिटर भनेको उद्योगहरूमा जडान भएको स्मार्ट मिटर हो । जसले ग्राहकले कुन दिन कति समय विद्युत् प्रयोग गरेको छ भन्ने वास्तविक तथ्याङ्क देखाउँछ । डेडिकेटेड र ट्रंक लाइन लिएका उद्योगीहरूले टीओडी मिटरको तथ्याङ्क हेर्दा लोडसेडिङ भएको बेला निरन्तर २० घण्टाभन्दा बढी विद्युत् उपयोग गरेको देखियो भने प्रिमियम शुल्क तिर्नुपर्छ । तर, कुलमानले उनीहरूलाई प्रमाण र तथ्य दिनुको सट्टा त्यसको प्रमाण मेटियो भनेर अदालतलाई समेत लिखित पत्र पठाएका छन् । कानुनले भने प्राधिकरणले नै त्यसको विवरण सुरक्षित राख्नुपर्छ भनेको छ । अहिले भने उनै कुलमानले संसदीय समितिमा टीओडी मिटरको प्रिन्ट विवरण भनेर पठाएका छन् उनले त्यो विवरण भने अदालतमा छैन भनेर पठाएका थिएनन् । अब यहाँ कुलमानको नियत ठीक छैन भन्ने देखाउँछ ।

ट्रंक लाइन भन्नाले प्राधिकरणको एक सबस्टेसनबाट अर्को सबस्टेसनसम्म जोड्ने ३३ केभी वा सोभन्दा माथिको लाइन हो । डेडिकेटेड फिडर भनेको नेपाल विद्युत् प्राधिकरणको सबस्टेसनबाट ग्राहकको घर/कम्पाउन्डसम्म विद्युत् आपूर्तिको लागि निर्माण गरिएको लाइनलाई बुझाउँछ ।

कार्यकारी कुलमानका अनुसार आर्थिक वर्ष २०७२/७३ मा आठ अर्ब ८९ करोड रूपैयाँ खुद नोक्सानीमा रहेको प्राधिकरण आर्थिक वर्ष २०७३/७४ मा एक अर्ब ५० करोड खुद नाफा कमाएको थियो । गत आर्थिक वर्षमा १३ अर्ब ३१ करोड नाफा पुगेको छ । आठ वर्षअघि ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरणले अहिले ४७ अर्ब ४१ करोड सञ्चित नाफामा पुगेको बताए पनि त्यसमा उठ्दै नउठेको रकम पनि कुलमानले जोडेका छन् ।

## सूचीकृत...

१८ वटा स्थानीय तहले बेरोजगारको सूची दर्ता नगरेको तथा २७ वटा स्थानीय तहले आयोजना सञ्चालनको लागि चासो नदिएको पाइएको छ । जसले गर्दा ती स्थानीय तहका बेरोजगार युवाहरु प्रभावित बन्न पुगको देखिन्छ । राष्ट्रिय जनगणनाका अनुसार पनि १० वर्ष वा सोभन्दा बढी उमेरका आर्थिकरूपले सक्रियामध्ये सात लाख ६८ हजार जना (छ दशमलव ९५ प्रतिशत) अक्सर बेरोजगार रहने गरेका छन् ।

आयोजनाहरु सञ्चालन गरी न्यूनतम सय दिनको रोजगारी दिने उद्देश्यले सञ्चालन भएको प्रधानमन्त्री रोजगार कार्यक्रमले गत आर्थिक वर्षमा चार अर्ब ५६ करोड ३१ लाख रूपैयाँ खर्च गरेको छ । जसमध्ये आर्थिक वर्ष २०७८/७९ को पाँच अर्ब ४३ करोड ८५ लाख रूपैयाँ, आर्थिक वर्ष २०७८/७९ मा छ अर्ब २९ करोड २२ लाख रूपैयाँ, आर्थिक वर्ष २०७७/७८ मा तीन अर्ब एक करोड ५४ लाख रूपैयाँ, आर्थिक वर्ष २०७६/७७ मा २६ अर्ब ९३ करोड १३ लाख र आर्थिक वर्ष २०७५/७६ मा दुई अर्ब २८ करोड २५ लाख रूपैयाँ खर्च गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि खर्च रकममा वृद्धि हुँदा आयोजना संख्या र औसत रोजगारीका दिन समेत पछिल्लो समय बढेको सातवटा प्रदेशले औसतमा ७० देखि ८० र ९० दिनको रोजगारी प्रदान गरिएको पाइन्छ । कोशीले ८०, मधेशले ५६, बाग्मतीले ८०, गण्डकीले ७६, लुम्बिनीले ७९, कर्णालीले ८१ र सुदूरपश्चिमले ८९ दिन रोजगारी प्रदान गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा एक लाख ६३ हजार सात सय आठ जना, आर्थिक वर्ष २०७७/७८ मा एक लाख ७९ हजार चार सय ६९ जना, आर्थिक वर्ष २०७६/७७ मा एक लाख ५६ हजार २६ जना, आर्थिक वर्ष २०७५/७६ मा एक लाख ७२ हजार दुई सय ७० जनालाई क्रमशः औसत ७५, ७७, १६ र १३ दिनको रोजगारी प्रदान गरेका थिए ।

प्रधानमन्त्री रोजगारअन्तर्गत प्रदान गरिने रोजगारीमा भने मुख्यत सडक नाला सफा गर्ने, विद्यालको खेलमैदान तथा गोरेटो, गोरेटो बाटो निर्माण तथा स-साना पूर्वाधार निर्माण र सरसफइजस्ता कार्य गरेको देखिन्छ भने उत्पादन वृद्धि र पुँजी वृद्धि हुने खालका काम भएको पाइँदैन । वैदेशिक ऋणबाट उत्पादन वृद्धि र पुँजी निर्माण कार्यक्रममा सञ्चालन हुनुपर्नेमा अनुत्पादन कार्यकमा खर्च गरेको भन्दै महालेखाले आफ्नो ६०औँ प्रतिवेदनमा उल्लेख गरेको छ । उसले कार्यक्रमको दिगोपन र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने तथा रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति र अद्यावधिक गर्नुपर्ने महालेखाले जनाएको छ । यस्तै महालेखाले प्रधानमन्त्री रोजगार कार्यक्रम मन्त्रालयको समन्वयमा स्थानीय तहबाट कार्यान्वयन हुँदै आएको बताउँदै सोही प्रकृतिका कार्यक्रमहरु प्रदेश तहमा मुख्यमन्त्री रोजगार कार्यक्रम र केही स्थानीय तहमा मेयर/अध्यक्ष रोजगार कार्यक्रमसमेत सञ्चालन भएको देखिन्छ भने कार्यक्रम सञ्चालनको मोडालिटीमा खर्च बेहोर्ने स्रोतको स्पष्ट खाका तयार गरेको छैन ।

बेरोजगारीको सूची प्रशस्त हुँदा पनि रोजगार सेवा केन्द्रबाट बेरोजगारको तथ्याङ्क सङ्कलन, पहिचान र सूचीकरण, रोजगारदातासँग समन्वय र सहकार्यका माध्यमबाट थप रोजगारी सिर्जनामा उल्लेखनीय योगदान पुऱ्याउन संघ, प्रदेश र स्थानीय सरकारको चुकेको देखिन्छ । प्रधानमन्त्री रोजगारी कार्यक्रम कार्यान्वनयमा जाँदा विविध टिक्काटिप्पणी भए पनि त्यसलाई साम्य पार्दै वैदेशिक ऋण अनुत्पादक क्षेत्रमा सरकारले निरन्तर लगानी गरेको छ । युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना समेत आबद्ध प्रधानमन्त्री रोजगारी कार्यक्रमका लागि विश्व बैंकको सहुलियतपूर्ण ऋण समेत रहेको छ । विश्व बैंकले सो कार्यक्रमको लागि १३ अर्ब ६८ करोड ९६ लाख रूपैयाँ खर्च हुने भन्दै सहुलियतपूर्ण ऋण उपलब्ध गराएको छ । आयोजना सुरू भएको तीन वर्षसम्म पाँच अर्ब ८७ करोड ६५ लाख अर्थात् ४३ प्रतिशत खर्च भएकोमा आयोजनाको समग्र भौतिक प्रगति तयार नगरिएको महालेखाले जनाएको छ ।

महालेखापरीक्षकको कार्यालयले ऋणबाट प्राप्त रकम होटल तथा रेस्टुरेन्टमा गोष्ठी, प्रकाशन भनी लाखौँ रकम अनावश्यक खर्च गरेको भन्दै ६०औँ प्रतिवदेनमा असन्तुष्टि व्यक्त गरेको छ । आयोजना व्यवस्थापन एकाइको लागि गत वर्ष विशेष सेवा खरिद, अर्धवार्षिक र वार्षिक समीक्षा गोष्ठी, २० हजार जनालाई कार्यस्थलमा आधारित तालिम, स्थानीय तहको रणनीतिक योजना तर्जुमा अनुदान, सरकारी सूचना प्रणालीमा आबद्धता, प्रशिक्षक प्रशिक्षणको नमूना निर्माणलगायतका कार्यक्रम सञ्चालन गर्न ८४ करोड ४१ लाख ९१ हजार रूपैयाँ बजेट स्वीकृत गरेकोमा सूचना प्रकाशन, विशेषज्ञ सेवा, समीक्षा गोष्ठीबाहेक अन्य क्रियाकलाप हुन सकेको देखिएन ।

# कमला नदीमाथि पुल निर्माणको माग गर्दै इन्जिनियर नै प्रदर्शनमा

गोलबजार (सिरहा), २६ साउन : हुलाकी राजमार्गअन्तर्गत सिरहा धनुषा जोड्ने कमला नदीमा पुल निर्माणको माग गर्दै सिरहाको सदरमुकाममा बिहीबार प्रदर्शन भयो । कमला पुल निर्माण संघर्ष समितिको आह्वानमा प्रदर्शन भएको यो पहिलो पटक होइन । यहाँ पटक-पटक यस्तै आन्दोलन तथा प्रदर्शन भइरहेका छन् ।

यस पटक प्रदर्शनमा सहभागीहरूले पटक-पटक गरिएका प्रदर्शन र विरोध सुनिदिने राज्यको निकायमा कोही छ र ? भनी आफैँसँग प्रतिप्रश्न गरिरहेका थिए । 'भासिएको कमला पुल राष्ट्रिय गौरवको आयोजना किन राज्यले अड्काएर राखेको ? यो कस्तो नीति हो, एउटा पुलको केही भाग बनाउन पनि बर्सौं लाग्ने ?', सिरहाका ललित यादवले प्रश्न गर्दै भने, '१४ वर्षमा एउटा पुल बनाई जनतालाई हस्तान्तरण गर्न नसक्ने कुरै भएन । यहाँ इच्छाशक्तिको कमी वा नेतृत्वको नियतमा खोट भएकाले हामी प्रदर्शन गर्न बाध्य छौँ तर सुनिदिने कसले ?'

भासिएको पुल निर्माणका लागि स्थानीयले सुरूदेखि नै विभिन्न माध्यमबाट ध्यानाकर्षण गराइरहेका छन् । 'पुल नहुँदा हामीले वर्षौंदेखि सास्ती खेप्दै आएका छौँ, सरकारले आफैँ सोच्नुपर्थ्यो तर हामीले आन्दोलन गर्दा पनि सुनुवाइ भएको छैन, यो दुर्भाग्य हो', संघर्ष समितिका संयोजक इन्जिनियर प्रवीण यादवले भने ।

पटक-पटक माग सुनुवाइ नभएपछि अब निर्णायक संघर्षमा उत्रिनुपर्ने अवस्था आएको उनको भनाइ छ । 'बिहीबार जिल्लामा प्रदर्शन गऱ्यौं, अब आइतबार सिरहाको बसबिट्टाबाट धनुषाको जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसम्म मोटरसाइकल जुलुससहित सरोकारवाला निकायलाई झकझक्याउन जाँदैछौँ', संयोजक यादवले भने, 'हाम्रो आवाज कसले सुन्ने हो ? नजिकको सरकार त प्रदेश नै हो, त्यसैले त्यहाँ ध्यानाकर्षण गर्छौं । त्यसपछि थप रणनीति बनाउँछौं ।'

कमला नदीमा बनेको पुल उद्घाटनका लागि ठीक्क पारेका बेला बाढीले विसं २०७८ असार १७ गते पुलको पाया भासिएको थियो । तीन वर्ष बितिसक्दा पनि त्यसको पुनर्निर्माण हुनसकेको छैन ।

यहाँ चार सय ७० मिटर लामो र ११ मिटर चौडाइको पुल साढे तीन वर्षभित्रै निर्माण गरिसक्ने गरी २४ करोड ९१ लाखमा विसं २०६८ मङ्सिरमा पुलको शिलान्यास भएको थियो । विसं २०७५ पुसमा रामरिझन यादवको नेतृत्वमा हुलाकी सडक संघर्ष समितिले रिले अनशन थालेपछि हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्स्ट्रक्सनबाट ठेक्का खोसेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई २०७८ असार १३ भित्र काम सक्नेगरी जिम्मा लगाएको थियो । पटक-पटक म्याद थपेर अन्तिम चरणमा पुगेको बेला पुल भासिएपछि हालसम्म निर्माण हुनसकेको छैन ।

यस पटक पुल निर्माणका लागि सिरहाका सरकारी निकायमा कार्यरत इन्जिनियरहरूले नै संघर्ष सुरु गरेका छन् । यहाँका इन्जिनियरहरूले नेपाल इन्जिनियरिङ एसोसिएनको चुनाव पनि बहिष्कार गर्दै दबाब बढाउने निर्णय गरेका छन् । हुलाकी सडकखण्डमा सप्तरी, सिरहा र धनुषातर्फ सडक कालोपत्र भई सञ्चालनमा रहे पनि कमला पुल बन्न नसक्दा समस्या भइरहेको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०४/२७

यस कम्पनीको मिति २०८१/०४/११ गतेको निर्णय बमोजिम काभ्रे पनौती नपा ८ मल्पीमा संचालित साविकको कम्पनी **पिस होम रिहाविलिटेसन सेन्टर** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/२१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ओएसिस रिकभरी फाउन्डेशन** कायम गरिएको जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८१/०४/२७

यस कम्पनीको मिति २०८१/०३/२८ गतेको निर्णय बमोजिम साविकको कम्पनी **सन-साइन इङ्गलिश बोर्डिङ्ग स्कूल महोत्तरी प्रा.लि.** (**प्रा.लि.नं.२१९७५**) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/०१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सनसाइन सेकेण्डरी स्कूल महोत्तरी प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।

Find us on : facebook/ aarthikdainik

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय इटहरी

## सडक डिभिजन दमक

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१/०४/२७

यस कार्यालयबाट मिति २०८१/०१/३१ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाअनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलबमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| SN | Contract No. | Description of Works | Name of Successful Bidder | Bid Amount, NRs (including PS and VAT) |
|---|---|---|---|---|
| 1 | RD-DMK/33701169-4/ 2080/081-28 | Construction of Blacktopped Works along Dahi Chowk-Jeevan Chowk-Chhalphal Chowk-Kyampa Jodne Sadak, Jhapa | श्री बिज्ञान-वाजु जे.भी. कमल-३, झापा | २,१७,४७,१५२.४२ |
| 2 | RD-DMK/33701169-4/ 2080/081-29 | Jhapa Kshetra No. 2 Chakrapath (Ath Kathe Culvert Dekhi Devkota Aa. Bi. Paschim Danda Gaun Hudai Netra Marga Dakhsin Bhatarai Chock Jodne Bato, Birtamod Na. Pa. 7/Laxmipur Chandani Chock Arjundhara Jaleshwar Dham Jodne Sadak/Garuwa Chock Dekhi Talo Bange Chock Jodne Bato), Jhapa | श्री एलेक्स-बिकाश-नुमा जे.भी. मेचीनगर -१०, झापा | २,०४,२०,६७७.५६ |